**मध्यनेपाल नगरपालिका**

**भोर्लेटार, लमजुङ**

## नगर कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु:

**(बैठक संख्या: ०३/२०८१-०८२, मिति: २०८१/०५/३१)**

१. **विगतका बैठकको समिक्षा सम्बन्धमा:** मिति २०८१/०४/२४ मा बसेको चालु आ.व. २०८१/०८२ को दोस्रो कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा व्यापक छलफल तथा समीक्षा गरियो।

२. **नवनिर्मित प्रशासकीय भवन सम्वन्धमा:**

क. मध्यनेपाल नगरपालिकाको नवनिर्मित प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई ठेकेदार आरोग्य सुवेदी जे.भि.ले हस्तान्तरण गरेकोले सो भवनमा नगरपालिकाको कार्यालय स्थानान्तरण गरी सेवा प्रवाह गर्ने सन्दर्भमा भवन अगाडीको भाग सम्याउने एवं सो भवन सम्म जाने पहुँच मार्ग सुधार गर्नुपर्ने देखिएकोले प्राविधिक शाखाबाट प्राप्त हुने लागत अनुमान बमोजिमको कार्य सम्पन्न गरी आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत प्रशासकीय भवन निर्माण शीर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने।

ख. मध्यनेपाल नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनबाट सेवा प्रवाह गर्नको लागि विभिन्न ठाउँमा आल्मुनियम सीटद्वारा पार्टिसन गर्नुपर्ने भएकोले प्राविधिक शाखाबाट प्राप्त हुने लागत अनुमान बमोजिमको कार्य सम्पन्न गरी आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत प्रशासकीय भवन निर्माण शीर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने ।

ग. मिति २०७७/११/१४ गते मध्यनेपाल नगरपालिकाका नगर प्रमुख श्री रमेश कुमार पाण्डेवाट सिलान्यास भई मिति २०८१/०३/१५ मा रु.४,०९,८१,९७६/-(रु. चार करोड नौ लाख एकासी हजार नौ सय छयहत्तर) कुल लागतमा निर्माण सम्पन्न भएको मध्यनेपाल नगरपालिकाको प्रशासकीय भवनको समुद्घाटन कार्यक्रम मिति २०८१/०६/१८ गते शुक्रवारका दिन गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेज्यूको प्रमुख आतिथ्यतामा भव्य रुपमा सम्पन्न गर्नेगरी कार्यक्रम तय गर्ने र आवश्यक तयारी गर्ने।

३. **सेवा करार सम्बन्धमा:** यस नगरपालिकामा विशेषज्ञ डाक्टरको स्वीकृत दरवन्दी नभएको तर नागरिक स्तरवाट स्वास्थ्य संस्थाहरुमा विशेषज्ञ सेवा माग हुँदै आएको सन्दर्भमा घुम्ति सेवा मार्फत विभिन्न स्वास्थ्य संस्थाहरुले विशेषज्ञ डाक्टरको सेवा उपलब्ध गराउन चिकित्सक संख्या- १ सेवा कररामा भर्ना गर्ने। साथै नगरकार्यपालिकाको कार्यालयमा थप संख्या १, करापु स्वास्थ्य चौकी तथा ३ नं. वडा कार्यालयका लागि रिक्त कार्यालय सहयोगी १/१ जना गरी जम्मा कार्यालय सहयोगी संख्या-३ र नवनिर्मित कार्यलय भवनका सुरक्षाका

लागि सुरक्षा गार्ड संख्या- ४ को सेवा करारवाट पदपूर्तिका लागि कार्यविधि वमोजिमको प्रकृया अगाडी बढाउन कार्यालयलाई स्वीकृति दिने।

४. **सूचीकृत बेरोजगारहरुको विवरण स्वीकृति सम्वन्धमा:** चालु आ.व. २०८१/८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्र्तगत यस नगरपालिकाका सवै वडाबाट संकलित निवेदन अनुसार कायम भएकोबेरोजगार व्यक्तिहरुको संख्या जम्मा ७८२ लाई स्वीकृत गरी प्राथमिकताक्रम अनुसार बेरोजगार व्यक्तिको रुपमा सूचिकृत गर्ने र सो विवरण रोजगार सेवा केन्द्रवाट सार्वजनिक गर्ने।

**तपसिल:**

| क्र.सं. | वडा नं. | बेरोगार व्यक्तिको संख्या |
|---|---|---|
| १ | १ | ५९ |
| २ | २ | ९९ |
| ३ | ३ | ६८ |
| ४ | ४ | ८२ |
| ५ | ५ | ५१ |
| ६ | ६ | १०८ |
| ७ | ७ | १०४ |
| ८ | ८ | ४९ |
| ९ | ९ | १२० |
| १० | १० | ४२ |
| जम्मा संख्या | | ७८२ |

५. **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको चालु आ.व. २०८१/०८२ को बार्षिक बजेट कार्यन्वन सम्बन्धमा:** संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम (प्रधानमन्त्री रोजगार कार्यक्रतम शसर्त अनुदान)अन्तर्गत तपसिल बमोजिमका योजनाहरुमा तपसिलको संख्याका बेरोजगार व्यक्तिहरु छनौट गराई न्यूनत्तम १०० दिनको रोजगारी उपलब्ध गराउने र तालिमको सम्बन्धमा जिवन उपयोगी सीप, सडक मर्मत, Plumbing, Electrician, डकर्मी र सिकर्मी सम्बन्धी तालिम संचालन गर्ने।

**तपसिल:**

| वडा नं. | सहभागी | तालिम बजेट ५० दिने | आयोजना बजेट | IDA बजेट | नेपाल सरकार बजेट | कूल बजेट |
|---|---|---|---|---|---|---|
| १ | ४ | १३८००० | १३८००० | २७६००० | १३८००० | ४१४००० |
| २ | ४ | १३८००० | १३८००० | २७६००० | २०७००० | ४८३००० |
| ३ | ४ | १३८००० | १३८००० | २७६००० | २०७००० | ४८३००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ४ | १३८००० | १३८००० | २७६००० | २०७००० | ४८३००० |
| ५ | ४ | १३८००० | १३८००० | २७६००० | १३८००० | ४१४००० |
| ६ | ४ | १३८००० | १३८००० | २७६००० | २७६००० | ५५२००० |
| ७ | ४ | १३८००० | १३८००० | २७६००० | २७६००० | ५५२००० |
| ८ | ४ | १३८००० | १३८००० | २७६००० | १३८००० | ४१४००० |
| ९ | ४ | १३८००० | १३८००० | २७६००० | ३४५००० | ६२१००० |
| १० | ४ | १३८००० | १३८००० | २७६००० | १३८००० | ४१४००० |
| **जम्मा** | ४० | १३८०००० | १३८०००० | २७६०००० | २०७०००० | ४८३०००० |

६.**सडक मर्मत सम्बन्धमाः** मध्यनेपाल नगरपालिका वडा नं. ३ अन्तर्गत देवटार देखी समिचौतारासम्मको मोटर बाटो वर्षाको कारणले खाल्डाखुल्डी परी सवारी आवागमनमा वाधा उत्पन्न भएकोले सो सडकको मर्मत सम्भार गरी आवागमन सहज बनाउन मध्यनेपाल नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत अन्य फुटकर योजनामा विनियोजित रकम मध्येबाट रु. १,००,०००।- बाँडफाँट गर्ने।

७.**सडक सरसफाई सम्बन्धमाः** मध्यनेपाल नगरपालिका वडा नं. १० भित्रको सम्पूर्ण मोटरवाटो सरसफाईका लागि कुल लागत अनुमान रु. २,८०,९२३।६८ मध्ये उपभोक्ता समितिको लागत रकम रु. ५१,२३०।९७ कटाई नगरपालिकावाट व्यहोर्नुपर्ने रकम रु. २,२९,६९२।७१ विपद् व्यवस्थापन कोषवाट विनियोजन गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा उक्त रकम भूक्तानी गर्ने।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा मध्यनेपाल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको।

<u>**निर्णय प्रमाणीत गर्ने**</u>

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रमेश कुमार पाण्डे
नगर प्रमुख

**मितिः२०८१/०५/३१**